कटारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर

कोशी प्रदेश, नेपाल

**कटारी नगरपालिका भएर बग्ने कमला नदी, तावा र ककुरु खोलाहरुको विभिन्न घाट तथा बगर क्षेत्रहरुबाट निस्कने नदिजन्य पदार्थहरुको (ढुङ्गा, गिटी, वालुवा, भरौट आदि) व्यवस्थापन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको तयारी सम्बन्धमा सार्वजनिक सूचना**

प्रकाशन मितिः २०८२/०५/३०

कटारी नगर कार्यपालिकाको कार्यालय कटारी उदयपुरद्वारा निम्न बमोजिमको प्रस्ताव वातावरण संरक्षण नियमावली २०७७ अनुसूची-९ नियम-७ को उपनियम-२ अनुसार कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | कटारी नगरपालिका, कटारी, उदयपुर<br>ईमेलः info@katarimun.gov.np; ict.katarimun@gmail.com<br>फोन नं.: ०३५-४५०२९६, ०३५-४५००३९, ०३५-४५०५७३ |
| प्रस्तावको व्यहोरा | कटारी नगरपालिका भएर बग्ने कमला नदी, तावा र ककुरु खोलाहरुको विभिन्न घाट तथा बगर क्षेत्रहरुबाट निस्कने नदिजन्य पदार्थहरुको (ढुङ्गा, गिटी, वालुवा, भरौट आदि) व्यवस्थापन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने कार्य;<br>अध्ययनका बगरहरुः<br>नागढुंगा बगर-७, कालीखाडी दोभान-५, स्मृति बाटिका-३,४, हडैया खोला दोभान-३, भुन्टे चौर(कमला घाट)-२, मझुवा बगर-२, सिस्नेरी बगर-१ |
| प्रभाव पर्न सक्ने वडाहरु | उदयपुर जिल्ला, कटारी नगरपालिका, वडा नं १, २, ३, ४, ५, र ७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | कटारी नगरपालिका, कटारी, उदयपुर<br>ईमेलः info@katarimun.gov.np; ict.katarimun@gmail.com<br>फोन नं.: ०३५-४५०२९६, ०३५-४५००३९, ०३५-४५०५७३ |
| परामर्शदाताको नाम र ठेगाना | ए.पी. इन्जिनियरिङ डिजाइन सोलुसन प्रा.लि.<br>ज्वागल, ललितपुर; ईमेलः apengg.design@gmail.com;<br>फोन नं.: ९८५११७५८८५, ९८६०३८९७०७ |

# महभिर झरना : पर्यटकको मन रमाउने जलधारा

**एक्सप्रेस सम्वाददाता**
उदयपुर, भदौ २९ ।

नेपाल राष्ट्र बैंकले आइतबार का लागि विदेशी मु› ाको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४० रूपैयाँ ९५ पैसा र बिक्रीदर १४१ रूपैयाँ ५५ पैसा निर्धारण गरिएको छ । युर ोपियन युरो एकको खरिददर १६५ रूपैयाँ ३० पैसा र बिक्रीदर १६६, युके पाउण्ड स्टूलिङ एकको खरिददर १९१ रूपैयाँ ०५ पैसा र बिक्रीदर १९१ रूपैयाँ ८६ पैसा, स्वीस फ्रया एकको खरिददर १७६ रूपैयाँ ९३ पैसा र बिक्रीदर १७७ रूपैयाँ ६८ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ९३ रूपैयाँ ६८ पैसा र बिक्रीदर ९४ रूपैयाँ ०७ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रूपैयाँ ८६ पैसा र बिक्रीदर १०२ रूपैयाँ २९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रूपैयाँ ८६ पैसा र बिक्रीदर ११० रूपैयाँ ३२ पैसा तोकिएको छ । जापानी येन १० को खरिददर नौ रूपैयाँ ५४ पैसा र बिक्रीदर नौ रूपैयाँ ५८ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ ७९ पैसा र बिक्रीदर १९ रूपैयाँ ८८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ ५७ पैसा र बिक्रीदर ३७ रूपैयाँ ७३ पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ ६७ पैसा र बिक्रीदर ३८ रूपैयाँ ८३ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रूपैयाँ ४४ पैसा र बिक्रीदर चार रूपैयाँ ४६ पैसा, युएई दिराम एकको खरिददर ३८ रूपैयाँ ३८ पैसा र बिक्रीदर ३८ रूपैयाँ ५४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३३ रूपैयाँ ५२ पैसा र बिक्रीदर ३३ रूपैयाँ ६६ पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रूपैयाँ १३ पैसा र बिक्रीदर १० रूपैयाँ १८ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रूपैयाँ ११ पैसा र बिक्रीदर १५ रूपैयाँ १७ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रूपैयाँ १४ पैसा र बिक्रीदर २२ रूपैयाँ २४ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १८ रूपैयाँ ११ पैसा र बिक्रीदर १८ रूपैयाँ १९ पैसा, कुवेती दिनार एकको खरिददर ४६१ रूपैयाँ ५४ पैसा र बिक्रीदर ४६३ रूपैयाँ ५१ पैसा, बहराइन दिनार एकको खरिददर ३७३ रूपैयाँ ८५ पैसा र बिक्रीदर ३७५ रूपैयाँ ४४ पैसा, ओमनी रियाल एकको खरिददर ३६६ रूपैयाँ ०८ पैसा र विक्रीदर ३६७ रूपैयाँ ६४ पैसा रहेको छ । भारतीय रूपैयाँ एक सयको खरिददर १६० रूपैयाँ र बिक्रीदर १६० रूपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्रबैंकले यो विनिमयदर लाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।

# श्रीमानलाई बाँधेर दुई महिनाकी सुत्केरी बलात्कार

**एक्सप्रेस सम्वाददाता**
हेटौंडा, भदौ २९ ।

मकवानपुरको राक्सिराङ गाउँपालिकामा दुई महिनाकी सुत्केरी महिलामाथि बलात्कारको घटना सार्वजनिक भएको छ । राक्सिराङ गाउँपालिकाका अनुसार २७ भदौ (शुक्रबार) बेलुका गाउँपालिका(१ इन्द्रमा करिब २४ वर्षीकी महिलामाथि बलात्कार भएको हो ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लका अनुसार पीडित परिवार आर्थिक रूपमा कमजोर छ। उनीहरू प्लाष्टिकले वेरेको झुप्रोमा वस्दै आएका थिए। एक अपरिचित ब्यक्तिले प्रष्टसँग बोल्न नसक्ने उनका श्रीमानलाई बाँधेर महिलालाई बलात्कार गरेको अध्यक्ष मल्लले वताए । घटनाबारे पीडितले गाउँपालिकालाई जानकारी दिएकी थिइन् । पहिलो सन्तानको रूपमा छोरालाई जन्म दिएकी महिलालाई परिवन्धमा पारेर बलात्कार गरिएको जनाईएको छ। आर्थिक अभावका कारण पर्याप्त खानेकुरा पनि नभएकोले गाउँपालिकाले सुत्केरी महिलालाई पैष्टिक आहार र आर्थिक सहयोग प्रदान गरेको थियो ।

घटनापछि गाउँपालिकाले पीडित परिवारलाई हेटौंडास्थित जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ल्याएको थियो । अध्यक्ष मल्लका अनुसार पीडित महिलालाई महिला तथा बालबालिका सेवा के› मा परामर्श दिइँदैछ । उनले थपे, 'घटनास्थल जंगलको एकान्तमा भएकाले प्रहरी जान डराएको थियो। त्यसपछि हामीले नै सुरक्षा दिए उनीहरूलाई हेटौंडा ल्याएका हौं ।'










# दशैंकालागि सुकिला नोट वितरण आजदेखि सुरू

**एक्सप्रेस सम्वाददाता**
उदयपुर, भदौ २९ ।

नेपाल राष्ट्र बैंकले आज देखि दसैंका लागि आवश्यक पर्ने सुकिला नोट वितरण कार्य सुरू गरेको छ । राष्ट्र बैकले दसैंका लागि भनेर आजदेखि असोज १० गतेसम्म सुकिला नोट वितरण गर्न लागेको हो । बैकले यसअघि आइतबारदेखि सुकिला नोटको वितरण सुरू गर्ने भने पनि यही बिचमा जेनजी आन्दोलनका कारण देशमा राजनीतिक सङ्क्रमणको अवस्था देखिएकोले नोट वितरण हुन्छ कि हुँदैन भन्ने अन्योल थियो । तर, राष्ट्र बैक तथा बैकहरूको भौतिक अवस्थामा धेरै क्षति नपुगेकोले तोकिएको समयदेखि नै नोट सहटी गर्नसक्ने अवस्था रहेको बताएको छ ।